"रोशीको दृष्टि, पर्यटन र कृषि"

# रोशी गाउँपालिकाबाट आ. व. २०७८/०७९मा सम्पादित कार्यहरुको

# वार्षिक प्रगति समिक्षा प्रतिवेदन, २०७९




## प्रतिवेदन पेश गर्नेः

योजना शाखा

रोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

*रोशी-७, अमलटार, काभ्रेपलाञ्चोक*

## आ व २०७८/०७९ को वार्षिक प्रगति समिक्षा कार्यक्रम

# संक्षिप्त प्रतिवेदन

## पृष्ठभूमि

बार्षिक प्रगति समिक्षा कार्यक्रमलाई विगतको राम्रो पक्षबाट सिकेर भविष्यको कार्ययोजना बनाउने बलियो आधारको रुपमा लिईन्छ । मिति २०७९कार्तिक२७ गते गाउँपालिकाको सभाहलमा रोशी गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को बार्षिक समिक्षा कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको अध्यक्षता गाउँपालिकाका अध्यक्ष श्री दिनेश लामा ज्यूले गर्नु भएको थियो । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु, वडा सचिवहरु, संघसंस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । अन्य सहभागिहरुमा गाउँपालिकाका कर्मचारीहरु रहेको थियो ।

## प्रारम्भिक कार्यक्रम

रोशी गाउँपालिकाकाप्रमुख प्रशासकीय अधिकृत श्री राम बहादुर तामाङ ज्यूको स्वागत मन्तव्यबाट कार्यक्रमको सुरुवात भएको थियो । स्वागत मन्तव्यमा बोल्दै प्रमुख प्रशासकीय अधिकृत राम बहादुर तामाङले यस बर्षको समयावधिमा यथार्थ र वस्तुनिष्ठ कामहरु भएको, जस्तैः सबै वडा कार्यालयहरुको पक्की भवन बनाउने कार्य सम्पन्न भई दैनिक सेवा प्रवाहका कार्यहरु वडा कार्यालयबाट नै भएको, पर्यटन प्रबर्द्धनका लागि ऐतिहासिक डम्फु संग्राहलय तथा तिनधारे झरना  पर्यटन सडकको निर्माण कार्य अगाडि बढाईएको, जनप्रतिनिधिहरु जुन आस्था र विचारबाट आएको भए पनि विकासका लागि सबैजना एक हुनुपर्छ भनेर भन्नु भएको थियो ।

## प्रस्तुतिकरण

समिक्षाको मुख्य कार्यक्रमको रुपमा आ व २०७८/०७९ मा गाउँपालिकाबाट सम्पादित योजना तथा कार्यक्रमहरुको प्रस्तुतिकरण रहेको थियो । लेखाशाखाबाट समग्र आम्दानी तथा खर्चको प्रस्तुतिको साथै कृषि, पशु, शिक्षा, स्वास्थ्य, सहकारी तथा जलश्रोत, सामाजिक सुरक्षा ईकाइ, महिला, वालवालिका, उद्यम विकास, आलेप, रोजगार सेवा केन्द्र,आयुर्वेदतथा पूर्वाधार विकास शाखाबाट प्रस्तुतिकरण गरिएको थियो । सबै शाखाले आर्थिक वर्ष भरी सम्पादन गरेका योजना/कार्यक्रमहरुको वित्तिय तथा भौतिक प्रगति एवं शाखा मार्फत सम्पादन गरिएका असल अभ्यासलाई सफलतम अभ्यासको रुपमा प्रस्तुत गरिएको थियो । लेखाशाखाबाट गरिएको प्रस्तुतिकरणमा समग्र कार्यक्रम र सोको लागि विनियोजित वजेट, वित्तिय र भौतिक प्रगतिहरु समेटिएका थिए । योजना तथा कार्यक्रमहरुमा विनियोजित वजेट र शाखाहरु मार्फत सम्पादन भएका कार्य प्रगतिको विषयमा प्रस्तुतिकरण भएको थियो । आर्थिक प्रशासन तथा राजश्व शाखाबाट सम्पादित कार्यहरु सम्बन्धमा गाउँपालिकाको कुल वजेट, समग्र र समष्टिगत वित्तिय प्रगतिको संक्षिप्त विवरण पेश  गर्नु भएको थियो । आलेप शाखाले वेरुजु फर्छ्यौट, संपरिक्षण, खर्चमा मितव्ययिता जस्ता वित्तिय अनुशासनका औजारहरुको सम्बन्धमा समेत स्पष्ट पार्नु भएको थियो । राजश्व शाखाले कर संकलन तथा विवरणको साथै करको दायरा वृद्धि गर्ने सम्बन्धी गाउँपालिकाले यस आर्थिक वर्षमा गरेका कार्यहरु, कार्यक्रमहरु सम्पादन गर्दा आइपरेका समस्याहरु साथै आर्थिक प्रशासनमा सुधार र वित्तिय अनुशासन कायम गर्न भविष्यमा गर्नुपर्ने कार्यहरु समेत प्रस्तुतिमा राख्नु भएको थियो । गाउँपालिका अध्यक्षज्यूले शाखागत प्रस्तुतिमा उठेका सवालहरुको सम्बन्धमा सम्बोधन गर्नुभएको थियो ।

## गाउँपालिका अध्यक्षको मन्तव्य तथा कार्यक्रमको समापन

कार्यक्रमको अन्त्यमा गाउँपालिकाका अध्यक्ष श्री दिनेश लामाले आफ्नो मन्तव्य राख्दै कार्यक्रम समापन गर्नु भएको थियो । उहाँले समग्र रुपमा

कार्यक्रम भव्यताका साथ सफल भएको र सफल बनाउन सहयोग गर्नु हुने सबैलाई धन्यवाद दिनुभयो । कार्यक्रममा आर्थिक वर्ष २०७८/०७९ को गाउँ र वडा स्तरीय कार्यक्रमहरु अधिकांश सम्पन्न भएका र केही सम्पन्न हुने चरणमा रहेका छन र उक्त आयोजनाहरु पनि समयमै सम्पन्न गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । पालिकाका कार्यहरु अत्यन्तै सौहार्दपूर्ण वातावरणमा सञ्चालन भईरहेको, व्यक्तिगत र दलगत स्वार्थ नभएको, विकासका हरेक काममा सहकार्य हुने समेत बताउनु भयो । मन्तव्यकै क्रममा उहाँले आगामी दिनमा सहमति र सहकार्यका लागि छलफल र अन्तरक्रियालाई अझ बढी प्राथमिकता दिई अगाडि बढ्ने, सबैले परिकल्पना गरेको सामुदायिक दायित्व र प्रतिवद्धता हुनुपर्नेमा जोड दिनुभयो । अन्त्यमा उहाँले पालिका भित्र थुप्रै महत्वपूर्ण र गौरवका आयोजनाहरु रहेको, त्यसको लागि बजेट समेतको व्यवस्था भइसकेको अवस्थामा सबैको साथ, सहयोग र समन्वय सदैव आवश्यक रहने भन्दै सम्बद्ध सबै पक्षलाई कार्यक्रम सफल बनाउन सहयोग गर्नुभएकोमा धन्यवाद दिंदै कार्यक्रमको समापन गर्नुभएको थियो ।

## अनुसूची १

**वार्षिक समिक्षा कार्यक्रम २०७९**

वार्षिक समिक्षा गोष्ठी

*कार्यक्रम तालिका – २०७९ कार्तिक २७.गते आइतवार*

**सुभारम्भः**

**अध्यक्षता** - गा. पा. अध्यक्ष श्री दिनेश लामा

**अथितिः** रिम बहादुर तामाङ, जिल्ला समन्वय समिति उपप्रमुख

**आसन ग्रहणः**श्री मिम बहादुर वाईवा (ज्वाला), उपाध्यक्ष

**आशन ग्रहणः** श्री राम बहादुर तामाङ, प्रमुख प्रशासकीय अधिकृत

**आसन ग्रहणः** श्री वसन्त कुमार तामाङ, प्रवक्ता एवं वडा नं १२ वडा अध्यक्ष

**आसन ग्रहणः** वडा अध्यक्षहरु सबै (१, २, ३, ४, ५, ६,७, ८, ९, १०, ११,)

**आसन ग्रहणः** कार्यपालिका सदस्यहरु सबै

**आसन ग्रहणः** वडा सदस्यहरु सबै

**आसन ग्रहणः** शाखा प्रमुख/प्रतिनिधिहरु सबै

**आसन ग्रहणः** वडा सचिवहरु सबै

- **स्वागत मन्तव्यः** श्री राम बहादुर तामाङ,प्रमुख प्रशासकीय अधिकृत
- **आ.व. २०७८/०७९ को वार्षिक कार्यप्रगति सम्बन्धमा शाखागत प्रस्तुति**
    - स्वास्थ्य शाखा
    - पशुपंक्षी विकास शाखा
    - कृषि विकास शाखा
    - महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा
    - उद्यम विकास शाखा
    - शिक्षा, युवा तथा खेलकुद विकास शाखा
    - रोजगार सेवा केन्द्र
    - न्यायिक समिति (कानुन शाखा)
    - सामाजिक सुरक्षा तथा पञ्जिकरण ईकाइ
    - जलश्रोत तथा जिन्सी शाखा
    - भवन तथा पूर्वाधारविकास (नक्सा पास/अमिन) शाखा
    - सामी परियोजना

- राजश्व/सहकारी शाखा
- प्रशासन, सूचना शाखा
- आर्थिक प्रशासन शाखा
- आन्तरिक लेखा परिक्षण शाखा
- आयुर्वेद शाखा
- आन्तरिक लेखा परिक्षण शाखा

➢ **खुल्ला छलफल**
➢ **सहभागिहरुबाट उठेका सवालहरुको गाउँपालिका अध्यक्ष ज्यूबाट सम्वोधन**
➢ **अतिथिहरुबाट शुभकामना मन्तव्य**
❖ **सभाध्यक्षबाट मन्तव्य सहित कार्यक्रम समापन**

**खाजा**

अनुसूची २

# प्रस्तुतिकरण

## बार्षिक समिक्षा तथा प्रगति प्रतिवेदन

रोशी गाउँपालिका भित्रका जनताको आर्थिक, सामाजिक, सांस्कृतिक, शासकीय र पूर्वाधारको विद्यमान अवस्थामा सकारात्मक परिवर्तन ल्याई समग्र क्षेत्रको सुधार गर्ने औजारको रुपमा रहेको वार्षिक वजेटबाट यस गाउँपालिकाका विभिन्न क्षेत्रमा उल्लेखनीय कार्यहरु भएका छन् । आर्थिक वर्ष ०७८/०७९ मा रोशी गाउँपालिकाले हासिल गरेका प्रगति प्रतिवेदन देहाय वमोजिम रहेको छ ।

**१. स्थानीय तहबाट हालसम्म जारी भएका कानून (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड)**

क. ऐनहरुः-  ७ वटा

ख.नियमावली:- ३ वटा

ग. निर्देशिका:- २ वटा

घ. कार्यविधि:- ३७ वटा

ङ. मापदण्डहरुः – १ वटा

च.अन्य:-...... वटा

छ. हलासम्म स्वीकृत कानून राजपत्रमा प्रकाशन ७ वटा

# २.आ.व. २०७८/७९ को वित्तीय अवस्था

**रु हजारमा**

| क्र. सं. | स्रोतको किसिम | आ.ब.2078/०७९ | | | | |
|---|---|---|---|---|---|---|
| | | नेपाल सरकार | प्रदेश सरकार | जम्मा | खर्च | प्रतिशत |
| १ | समानीकरण अनुदान | १०,८७,०० | ८९,६९ | ११,७६,६९ | ९,०२,९२ | ७६.७३ |
| २ | सशर्त अनुदान | ३१,४१,७३ | २,०९,६० | ३३,५१,३३ | २८,८४,९३ | ८६.०८ |
| ३ | समपुरक अनुदान | १,५८,०० | २,९३,४५ | ४,५१,४५ | १,९०,९४ | ४२.२९ |
| ४ | विशेष अनुदान | १,२५,०० | ६०,०० | १,८५,०० | १,०५,९७ | ५७.२८ |
| ५ | राजश्व बाँडफाट | ८,४५,१२ | | ८,४५,१२ | ६,३४,९६ | ७५.१३ |
| ६ | रोयल्टी | | | ४,१६,५० | २,९६,१० | ७१.०९ |
| ७ | सवारी कर | | २,७९,३५ | २,७९,३५ | २,२९,५३ | ८२.१६ |
| ८ | घर जग्गा रजिष्ट्रेशन शुल्क | | | | | |
| ९ | आन्तरिक स्रोत | | | ५,६०,६२ | ४,४८,५७ | ८४.५३ |
| १० | अन्य | ५,०० | | ५,०० | | |
| | **जम्मा** | | | | | |

**३. आन्तरिक आयको अवस्था:**

(रु हजारमा):

| क्र.सं. | प्रमुख स्रोत | २०७८/०७९ को यथार्थ | कैफियत |
|---|---|---|---|
| | **कर** | | |
| १. | सम्पत्ती कर | ६.७८ | |
| 2. | भूमि कर (मालपोत) | ४,९६ | |
| 3. | व्यवसाय कर | २१,३६ | |
| 4. | जडिबुटी, कवाडी र जीवजन्तु कर | | |
| 5. | घरवहाल कर | ५०७ | |
| 6. | विज्ञापन कर | ४९ | |

| | | | |
|---|---|---|---|
| 7. | मनोरञ्जन कर | | |
| 8. | सवारी साधन कर | २,८४,२३ | |
| 9. | घर-जग्गा रजिष्ट्रेसन शुल्क | १,०६,७४ | |
| | **जम्मा** | ४,२९,६३ | |
| | **गैर कर** | | |
| १०. | सेवा शुल्क (सवै किसिमका) | २६,२० | |
| ११. | दस्तुर (सिफारिश, प्रमाणित, नक्सा पास आदि) | २३,५२ | |
| 1२. | बिक्री (गिटी,ढुङ्गा,वालुवातथा अन्य सम्पत्तिविक्री) | ८,१४,४५ | |
| 1३. | सम्पति भाडा | | |
| 1४. | अन्य | ११ | |
| | **जम्मा** | | |
| | **कूल जम्मा** | ८,६४,२८ | |

**४.आर्थिक वर्ष २०७८।०७९ मा प्रदेश र स्थानीय तहबीचको राजस्व बाँडफाँड (रु.लाखमा)**

| **सवारी कर** | **घरजग्गा रजिष्ट्रेशन शुल्क** | **ढुंगा गिट्टी बालुवा विक्री** | | **विज्ञापन कर** | | **मनोरञ्जन कर** | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्त भएको | प्राप्त भएको | प्राप्त भएको | प्रदेशमा पठाएको | प्राप्त भएको | प्रदेशमा पठाएको | प्राप्त भएको | प्रदेशमा पठाएको | प्राप्त भएको |
| २,८४,२३ | १,०६,७४ | ८,१४,४५ | 0 | ८३ | ३३.२ | | | १२,०५,७५ |

**५.आ.ब. 207८/०7९ को बजेट पेश तथा स्वीकृति**

(क) सभामा बजेट पेश गरिएको मितिः२०७८/०३/१०

(ख) सभामा बजेट पारित गरिएको मितिः२०७८/०३/२५

(ग) आर्थिक ऐन स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिः २०७८/०३/१०

**६. गत आ.व. को कार्यपालिका तथा सभाको बैठक सम्बन्धी विवरणः**

१. सभाको अधिवेशन/बैठकबसेको पटकः- ४
२. कार्यपालिका बैठक संख्याः-९
३. सभातथा कार्यपालिका बैठकको मिति, समय, स्थानर कार्यसूची निर्धारित समयमै सदस्यहरुलाई उपलब्ध गराए/नगराएकोः-गराएको

(क) सभाकोबैठकको मिति, समय र स्थान सम्बन्धमा समयमैजानकारी गराए/नगराएको- गराएको

(ख) कार्यपालिकाबैठकको मिति, समय, स्थान र कार्यसूची निर्धारित समयमै जानकारी गराएको/नगराएकोः गराएको

**७. गत वर्षको खर्चको क्षेत्रगतबाँडफाँड**

रु. हजारमा

| **क्रंसं** | **विषयगत क्षेत्र** | **विनियोजित बजेट** | **यथार्थ खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार विकास | १७,९९,२८ | १२,०६,२२ | ६७.०४ |
| २ | सामाजिक विकास | ३७,७०,६६ | ३१,५०,१६ | ८३.५४ |
| ३ | आर्थिक विकास | ४,१३,०७ | ३,९४,४३ | ९१.५ |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | ७९,०० | ६४,७९ | ८२.१ |
| ५ | सुशासन तथा संस्थागत विकास | ११,५६,०५ | ९,४३,१४ | ८१.६ |
| | कूल जम्मा | ७२,३६,०७ | ५६,९३,९६ | ७८.६२ |

**७.१ क्षेत्रगत भौतिक प्रगतिको अबस्था(आ.ब.20७८/०7९)**

| **क्र. सं.** | **विषय क्षेत्र** | **उपक्षेत्र** | **ईकाइ** | **भौतिक प्रगति(%)** | **प्रमुख उपलब्धी** |
|---|---|---|---|---|---|
| १ | सडक | कालोपत्रे/ढलान | ०(कि.मी.) | **२.०८७** | |
| | | ग्रावेल | | **२** | |
| | | ट्र्याक खोल्ने | | **३.५** | |
| २ | पुल निर्माण | मोटरेवल पुल | ०वटा | **०** | |
| | | झोलुङ्गे पुल | 0वटा | **०** | |
| | | आकाशे पुल | वटा | **०** | |
| ३ | पार्क निर्माण | | **०** | **०** | |
| ४ | खानेपानी तथा ढल निर्माण | खानेपानी सुविधा थप उपलब्ध गराएका परिवार | | **५००** | |
| | | खानेपानी सेवाबाट लाभान्वित घरपरिवार | | **५००** | |
| | | ढल निर्माण | | | |
| ५ | वृक्षरोपण | | | | |
| ६ | नदी नियन्त्रण | | | | |
| ७ | सामाजिक सिँचाई | **रोपनी/विगाहा** | ३.५ | | |
| ८ | जलविद्युत तथा वैकल्पिक उर्जा | उत्पादन | | | |
| | | प्रशासरण लाइन विस्तार | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | पोखरी ताल तलैया | | | | |
| १० | फोहोरमैला व्यवस्थापन | डम्पिङ्ग साइट | | | |
| | | स्यानीटरी ल्याण्डफिल्ड साइट | | | |
| | | नयाँ मेशिन उपकरण जडान | | | |
| ११ | नयाँ विद्यालय भवन निर्माण सम्पन्न | **संख्या** | **१** | | |
| १२ | स्वास्थ्य चौकी निर्माण | **संख्या** | **१** | | |
| १३ | जग्गा संरक्षण | आफ्नै स्वामित्वको | | | |
| | | सरकारी | ६३.७५१ | | |
| | | सार्वजनिक | १४ | | |
| | | पर्ति | ० | | |
| १४ | यात्रु प्रतिक्षालय | | ० | | |
| १५ | सामुदायिक भवन निर्माण | | **०** | | |

**खण्ड (ख)**
**सेवा प्रवाह, योजना तथा अनुगमन**

**१. सेवा प्रवाहको लागि भौतिक सुविधाको अवस्था**
**क) कार्यालय भवनको पर्याप्तता**

| **विवरण** | **संख्या** | **भवन संरचना (पक्की//कच्ची )** | **कार्यालय को आफ्नै** | **अन्य सरकारी भवनको प्रयोग गरिएको** | **भाडामा रहेको** | **निर्माणाधिन** |
|---|---|---|---|---|---|---|
| न.पा./गा.पा. कार्यालय भवन | **२** | **अस्थाई** | **आफ्नै** | **छैन** | | |
| वडा कार्यालय भवन | १२ | पक्की भवन | १२ | | | आफ्नो भवन निर्माणधिन रहेको । |
| विषयगत शाखा वा एकाइ भवन (विषयक्षेत्र समेत उल्लेख गर्ने) | | | | | | |

**२.स्थानीय तहको केन्द्रमा उपलब्ध अन्य भौतिक पूर्वाधारको अबस्थाः**

| क्र.सं | विवरण | पक्की | कच्ची/ग्रावेल | नपुगेको | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| 1 | सडकको पहुँच | | कच्ची/ग्रावेल | | |

| क्र.सं. | विवरण | राष्ट्रिय | स्थानीय | नपुगेको | कैफियत |
|---|---|---|---|---|---|
| 1 | विद्युत | राष्ट्रिय | | | |

| क्र.सं. | विवरण | भएको | नभएको | सेवा प्रदायक संख्या | कैफियत |
|---|---|---|---|---|---|
| 1 | इन्टरनेट सेवा | भएको | | ARROWNETPvt.Ltd | |
| २ | सरकारी कारोबार गर्ने बैंक/अन्य वित्तीय संस्था | भएको | | SIDDHARTHA BANK | |

**३) सवारी साधनको विवरण :**

| सवारी साधन | संख्या | अवस्था | | | | भाडामा लिएको भए खुलाउने |
|---|---|---|---|---|---|---|
| | | चालु | मर्मत गर्नुपर्ने | लिलाम गर्नुपर्ने | अन्य (हराएको) | |
| दुई पाङ्ग्रे (मोटरसाइकल/स्कुटर) | ४० | ३८ | | १ | १ | |
| चारपाङ्ग्रे (जीप/कार/भ्यान) | ३ | ३ | ० | ० | ० | ० |
| दमकल | | | | | | |
| एम्बुलेन्स | ४ | ३ | १ | | | |
| शववाहन | ० | | ० | ० | ० | ० |
| अन्य (ट्र्याक्टर,ट्रिपर,एक्साभेटर, लोडर आदि) | ० | | | | | |

**४. स्थानीय तह अन्तर्गत गठित समिति**

| समितिको नाम | गत आ.ब.को बैठक सख्या | गत आ.ब.को बैठककोनिर्णयसख्या | कैफियत |
|---|---|---|---|
| अनुगमन तथा सुपरिवेक्षण समितिको बैठक | - | - | |
| वडा-स्तरीय अनुगमन समिति बैठक | - | - | |
| स्थानीय राजस्व परामर्श समिति बैठक | २ | ५ | |
| स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति बैठक | ३ | ५ | |

| | | | |
|---|---|---|---|
| बजेट तथा कार्यक्रम समिति बैठक | १ | १ | |
| लेखा समिति बैठक | | गठन नभएको | |
| विधायन समिति बैठक | १ | १ | |
| सुशासन समिति बैठक | | | |
| कार्यपालिका अन्तर्गतका विषयगत समितिहरु बैठक | ५ | ७ | |
| अन्य बिशेष समितिहरुकोबैठक | | | |

**५. न्यायिक समितिः**

गत आ.ब.मा दर्ता उजुरी/गुनासोको संख्याः- १७गत आ.बको बैठक संख्याः- ११

गत आ.ब.माउजुरी/गुनासो कार्वाही र किनारा संख्याः-(मेलमिलाप -५¸ खारेजी - ६¸ वडामा समन्वय - ¸ आफैं मिलेको - )

**६.स्थानीय तहबाटविद्‍युतीय सेवा सञ्चालन**

क) सेवा प्रवाहमा प्रयोगमा रहेका सफ्टवेयरहरुको प्रकार: ONLINE , OFFLINE

ख) अनलाइन प्रणालीबाट उपलब्ध गराइएका सेवाहरुःलेखा,राजस्व , योजना , पञ्जिकरण , दर्ता चलानि

ग) मोबाइलएप जस्ता प्रविधिको विकास र प्रयोगको अवस्थाःSMART मोबाईल एप्लिकेशन प्रयोगमारहेको र डिजिटल भिलेज प्रोफाईल निर्माण भएको ।

**७. गत आ. व. मा सञ्चालित योजना सम्बन्धी विवरण**

**(क) बजेटको आधारमाः**

| **क्र.सं.** | **बिबरण** | **योजना संख्या** |
|---|---|---|
| **१.** | ५० लाख भन्दा बढी बजेटको आयोजना | **१०** |
| **2.** | ५ लाख देखि ५० लाख सम्मको आयोजना | **६७** |
| **3.** | ५ लाख भन्दा कम बजेटको आयोजना | **२८३** |

**(ख) योजना कार्यान्वयन**

| **क्र.सं.** | **बिबरण** | **योजना संख्या** |
|---|---|---|

| | | |
|---|---|---|
| १. | उपभोक्ता समिति मार्फत | ३४९ |
| 2. | निर्माण व्यवसायी मार्फत | ८ |
| 3. | गैरसरकारी संस्था मार्फत | १ |
| ४. | अन्य केही भए खुलाउने. (कोटेशन) | २ |
| | **जम्मा** | |

**८. आवधिक/क्षेत्रगत योजना सम्बन्धी (अवधि समेत उल्लेख गर्ने)**

(क) स्थानीय तहको प्रोफाइल बनेको/नबनेकोः बनेको
(ख) आवधिक योजना बनेको/नबनेको: बनेको(२०७८ देखि २०८१ सम्म)
(ग) क्षेत्रगत योजनाहरू :१)........................................................
२)..................................................

**९. सामाजिक सुरक्षा अनुदान सम्बन्धी**

| **क्रसं** | **विवरण** | **लाभग्राही सङ्ख्या** | **२०७८/७९ को रु.** | **कैफियत** |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक | **१७५२** | **८१५६७१२९** | |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | **८५** | **२५३७६४०** | |
| ३ | जेष्ठ नागरिक एकल महिला | **३८२** | **११८८३१२९** | |
| ४ | विधवा | **४३७** | **१३५०७४८०** | |
| ५ | पूर्ण अपाङ्गता भत्ता | **१५०** | **६३८४४२२** | |
| ६ | अति असक्त अपाङ्गता भत्ता | **२३०** | **५३०७२३२** | |
| ७ | दलित वालवालिका | **१६०** | **९७१९४०** | |
| ८ | लोपोन्मुख जाति | **७३** | **३५२७१६०** | |

## खण्ड (ग)
## पारदर्शिता एवं सुशासन/वित्तीय सुशासन

**१.आ.व २०७७/७८ को वार्षिक आ.ले.प तथा म.ले.प सम्पन्न गरी प्राप्त प्रारम्भिक प्रतिवेदनको जवाफ पठाउन लेखाशाखासंग समन्वय गरियो ।**
**२.आ.व. २०७७/७८ को म.ले.प हुँदा गत आ.व.को बेरुजू संमपरिक्षण गर्न समन्वय गरी रु.५० लाख ५१ हजार बेरुजू फछर्यौट गरियो ।**
**३.साविकको गा.वि.स. हुँदाको तथा आ.व. २०७४/७५ , २०७५/७६ र २०७६/७७ को बेरुजू फछर्यौट नगरेकाको कालो सूची प्रकाशन गरियो ।**
**४.कालो सूची प्रकाशन पश्चात १४ जनाले रु.२०६८३८/- बैंक दाखिला गरी बेरुजू फछर्यौट गरेको छ ।**
**५.आ.व २०७७/७८ को रकम रु. १ करोड २५ लाख तथा गतको सम्मको जम्मा बेरुजू रु.११ करोड ३६लाख रहेको छ ।**
**६.ETDS entry गरी आन्तरिक राजश्व कार्यालयमा रुजू समेत भईसकेको ।**

➢ आर्थिक वर्ष २०७८।७९ सम्मको आन्तरिक लेखापरीक्षण सम्पन्न गरे/नगरेको:गरेको
➢ आर्थिक वर्ष २०७८।७९ सम्मको अन्तिम लेखापरीक्षण सम्पन्न गरे/नगरेको:बाँकी

**३. पारदर्शिता तथा सुशासनका औजारको प्रयोगको अवस्था**

| आर्थिक वर्ष | सार्वजनिक सुनुवाई संख्या | सार्वजनिक परीक्षण संख्या | सामाजिक परीक्षण संख्या | नागरिक वडापत्रको व्यवस्था |
|---|---|---|---|---|
| **२०७६/७७** | ३ | २ | ७१ | २ |
| **२०७७/७८** | २ | २ | १० | २ |
| **२०७८/७९** | १ | | १ | २ |

**५. उजुरी वा गुनासो सम्बन्धी (चालुआ.व.को)**

| निकाय | आर्थिक वर्ष २०७६/७७ मा परेको उजुरीसङ्ख्या | आर्थिक वर्ष २०७६/७७ माफछ्यौंटभएको सङ्ख्या | आर्थिक वर्ष २०७७/७८ मापरेको उजुरी सङ्ख्या | आर्थिक वर्ष २०७७/७८ मा फछ्यौंट भएको सङ्ख्या | आर्थिक वर्ष २०७८/७९ मापरेको उजुरी सङ्ख्या | आर्थिक वर्ष २०७८/७९ मा फछ्यौंट भएको सङ्ख्या |
|---|---|---|---|---|---|---|
| अ.दु.अ.आ | 2 | 1 | 1 | 0 | 2 | 0 |
| राष्ट्रिय सतर्कता केन्द्र | ० | | | | 0 | |
| उजुरी पेटिका | ३ | ३ | ० | ० | 0 | |
| कार्यालयमा निवेदन दर्ता | २ | २ | १ | १ | | |
| जम्मा | ७ | ६ | २ | १ | | |

**६. पदाधिकारी तथा कर्मचारीको सम्पत्ति विवरण बुझाएको अवस्था**

| **विवरण** | **सम्पत्ति विवरण बुझाउनेकोसंख्या** | **सम्पत्ति विवरण नबुझाउनेकोसंख्या** |
|---|---|---|
| निर्वाचित पदाधिकारी | ६३ | ० |
| कर्मचारी | ६२५ | ० |

**खण्ड (ङ)**

**१. आर्थिक वर्ष २०७८/७९ मा सम्पादित उल्लेखनीय कार्यहरु**

क.एसियाकै पहिलो ठूलो डम्फु जिवन्त संग्रहालय निर्माण भएको।
ख.औद्योगीक ग्रामको निर्माण भएको ।
ग.जसको मन उसैलाई संरक्षण भन्ने कार्यक्रम मार्फत ब्यबसायिक पशूपालन र अन्य ब्यबसाय गर्ने १२ जनालाई नगद सहित सम्मान गरिएको ।

घ. रोशी गाउँपालिका अन्तर्गत रहेका ३ वटा बर्थिङ सेन्टरमा महिनाको १/१ दिन गर्भवती महिलाको भिडियो एक्स-रे गर्ने ब्यबस्था मिलाईएइको ।

**२. असल अभ्यासहरूः**

क.शिक्षा क्षेत्रमा दरबन्दी मिलान गरि शिक्षकहरुको असमानतालाई न्युनीकरण गरीएको ।
ख.बाबु आमाको राम्रो स्याहार गर्ने २४ जनालाई श्रवण कुमार पुरस्कारबाट सम्मान गरिएको ।
ग. सुत्केरी आमा पोषिलो खाना कार्यक्रम मार्फत संस्थागत रुपमा सुत्केरी भई ३५ दिन भित्र जन्म दर्ता गरेको महिलालाई रु.२५०० नगद विवरण गरिदै आएको ।

**३. स्थानीय तहले अनुभूत गरेका प्रमुख समस्याहरुः**

क.गाउँपालिका भित्रको ९० प्रतिशत भू-भाग पर्बतिय क्षेत्र रहेकोले कृषि योग्य जमिनको कमि भई आयआर्जमा बृद्धि गर्न नसक्नु ।
ग. संघ तथा प्रदेशको समन्वय नहुँदा आन्तरिक आय बृद्धि गर्न कठिनाई

बार्षिक समिक्षा कार्यक्रमका झलकहरु

<u>बार्षिक समिक्षा कार्यक्रममा शाखागत प्रस्तुतिकरणका झलकहरु</u>





सहभागिहरुलाई स्वागत गर्दै प्रमुख प्रशासकीय अधिकृत



बार्षिक समिक्षा कार्यक्रमका सहभागीहरु

<u>बार्षिक समिक्षा कार्यक्रममा शाखागत प्रस्तुतिकरणका झलकहरु</u>





पूर्वाधार विकास शाखा

सूचना प्रविधि शाखा



लेखा शाखा



योजना शाखा





स्वास्थ्य शाखा

कृषि विकास शाखा





महिला तथा वालवालिका शाखा

राजश्व शाखा



सामी परियोजना

**प्रतिवेदक**
योजना शाखा

बार्षिक समिक्षा कार्यक्रममा शाखागत प्रस्तुतिकरणका स्लाईडहरु